शुक्लागण्डकी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दुलेगौंडा, तनहूँ

४ नं प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति (२०७५/०३/२८)

यस शुक्लागण्डकी नगरपालिका वडा नं ९ मा रहेको प्रशिद्ध ढोरवाराही मन्दिरमा आर्थिक वर्ष २०७५/७६ का लागि २०७५ श्रावण महिनाको वहाली पूजा पछि बाट २०७६ साल अषाढ मसान्त सम्मको १ वर्षको लागि मन्दिरमा चढाइने बलीका पाठापाठीका टाउका र चढाइएका परेवाहरु विक्री गर्ने तर्फ एंव खुइल्याई सफागर्ने, परेवा जोडी विक्री गर्ने, फोटो खिच्ने गरि जम्मा रु २२,००,०००।- (अक्षरुपी बाईस लाख रुपैया मात्र) रकम लाई न्यूनतम अंक मानी निम्न लिखित बुँदाहरुको आधारमा गोप्य शिलवन्दी बोलपत्र आव्हान गर्ने निर्णय अनुसार यो सूचना प्रकाशित गरिएको छ ।

१. वोलपत्र फारम (टेण्डर फर्म) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन सम्म यस कार्यालयबाट रु ३०००।- (अक्षरुपी तिन हजार मात्र) दस्तुर तिरी खरिद गर्न सकिनेछ ।

२. वोलपत्र फारम( टेण्डर फर्म)दस्तुर पाठापाठीका टाउका र परेवा विक्री गर्ने, पाठापाठी खुइल्याई (टाउको सहित) आन्द्राभुडी सफा गर्ने र फोटो खिच्ने समेत कार्यका लागि मात्र हुनेछ ।

३. टाउका र परेवा विक्री गर्ने, पाठापाठी खुइल्याई (टाउको सहित) आन्द्राभुडी सफा गर्ने र फोटो खिच्ने गरी न्युतनम रु २२,००,०००।- (बाईस लाख रुपैया मात्र) कायम गरिएको छ ।

४. वोलपत्र फारम इच्छुक व्यक्ति जो कोही नेपाली नागरिकलाई दिईने छ । फर्म भर्ने व्यक्तिको नामथर, ठेगाना र फोन न. स्पष्ट भरि गोप्य शिलवन्दि गरी पेश गर्नुपर्नेछ ।

५. आफुले कवोल गरेको अंकको १०% नगरपालिकाको खाता रहेको एन.आई.सी. एसिया बैक, दुलेगौडा शाखामा रहेको कोप खाता नं **A३४१४९८६५३५२४००४** मा धरौटी रकम राखि गोप्य शिलवन्दी फर्म सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको १२ वजे भित्र बुझाईसक्नु पर्नेछ र सोही दिनको २ बजे नगरपालिका कार्यालयमा खोलिने छ । उक्त दिन विदा परे कार्यालय खुलेको दिन खोलिने छ ।

६. सबभन्दा बढी रकम बोल कवोल गर्ने व्यक्तिलाई प्राथमिकता दिईनेछ ।

७. आफुले कवोल गरेको रकम बोलपत्र फारम (टेण्डर फर्म) खोलेको भोलीपल्ट नगरपालिकाको एन.आई.सी.एसिया बैकको कोप खाता न **A३४१४९८६५३५२४००१** मा राजश्व कवोल रकम जम्मा गरी नगरपालिकामा भौचर पेश गरेपछि मात्र सम्झौता गरिनेछ ।

८. बाराही मन्दीरमा चढाइएका जिन्सी सामान, सहयोग रकम र ज्यूदै चढाएर छोडिएका पाठापाठीहरु नगरपालिकाको हुनेछ ।

९. पाठापाठीका टाउकाको विक्री मुल्य जम्मा रु २५०।- (अक्षरुपी दुई सय पचास मात्र), खुइल्याई सफा गर्ने तर्फ गिड–मुड समेत रु ४००। (अक्षरुपी चार सय रुपैया मात्र), परेवा जोडी विक्री तर्फ १००।- (अक्षरुपी रु एक सय रुपैया मात्र), फोटो खिचेको साईज अनुसार अधिकतम (४×६ रु १५, ५×७ रु २५, ६×८ रु ५०,८×१० रु १००,८×१२ रु १५०, १०×१२ रु २००) कायम गरिएको छ ।

१०. आफ्नो पाठापाठीको टाउको लान चाहेमा कायम गरिएको दर रेटमा दिनु पर्नेछ । मन्दिर परिसर भित्र तोकीएको दररेटमा सम्पूर्ण नियम पालना गरिनुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

११. असहज परिस्थती सृजना भएमा नगरपालिका आफ्नो निर्णय लिन बाध्य हुनेछ ।
१२. सम्पूर्ण कुरा नगरपालिकामा निहित हुनेछ । स्पष्ट नभएका कुराहरु नगर कार्यपालिकामा छलफल गरि लागु गरिनेछ ।
१३. न्यूनतम् अंक भन्दा माथि रकम परेमा एक मात्र टेण्डर फर्म भएपनि स्वीकृत गरिनेछ ।

..........................
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner